**आकाशवाणी समाचार- नेपाली**
**मितिः १८ जून २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- **राष्ट्रपति द्रौपदी मुर्मु आज देखि मध्य प्रदेश र उडिसाको पाँच दिवशीय भ्रमणमा जानुहुनेछ l**

- **प्रधानमन्त्री नरेन्द्र मोदीले स्ट्रेट अफ होर्मुजलाई आउजाउको लागि खुला राख्नु विश्व अर्थव्यवस्थाको लागि अत्यन्त महत्त्वपूर्ण रहेको बताउनु भएको छ।**

- **केन्द्रीय गृहमन्त्री अमित शाहले हिज नयाँ दिल्लीमा एक उच्चस्तरीय बैठकमा राष्ट्रिय साइबर अपराध हेल्पलाइन १९३० को समीक्षा गर्नुभयो।**

- **सरकारले प्रधानमन्त्री आवास योजना-शहरी 2.0 अन्तर्गत योग्य शहरी गरीब परिवारहरूका लागि 2 करोड़ 13 लाख भन्दा अधिक अतिरिक्त घरहरू स्वीकृत गरेको छ।**

- **मौसम विभागले आज पूर्वोत्तर भारत र उप-हिमालयी पश्चिम बङ्गालका केही भागहरूमा अत्याधिक वर्षाको चेतावनी जारी गरेको छ।**

**<u>राष्ट्रपति द्रौपदी मुर्मु- मध्य प्रदेश र उडिसाको पाँच दिवशीय भ्रमण</u>**

राष्ट्रपति द्रौपदी मुर्मु आज देखि मध्य प्रदेश र उडिसाको पाँच दिवशीय भ्रमणमा जानुहुनेछ l राष्ट्रपति सचिवालयले भनेको छ,- राष्ट्रपति मुर्मू आफ्नो यात्राको पहिलो दिन मध्य प्रदेशको बैतुलमा आध्यात्मिक जागरणको माध्यमबाट आदिवासी समाजको सशक्तिकरणसम्बन्धी कार्यक्रममा भाग लिनुहुनेछ । शुक्रबार उहा मध्य प्रदेशको ओमकारेश्वरमा अन्तर्राष्ट्रिय सिकलसेल दिवस समारोहमा भाग लिनुहुनेछ । सोही दिन, राष्ट्रपति मुर्मुले एम्स भुवनेश्वरद्वारा आयोजित एक चिकित्सा शिविरको उद्घाटन गर्नुहुनेछ र ओडिशाको रायरंगपुरमा कुसुमी खण्ड अन्तर्गत खनन-प्रभावित गाउँहरूको लागि मेगा एकीकृत ग्रामीण पाइप जलापूर्ति परियोजना समर्पित गर्नुहुनेछ। शनिबार राष्ट्रपति मुर्मूले प्रधानमन्त्री नरेन्द्र मोदीसँग पहाडपुरमा स्कूल र कौशल केन्द्र सहित पहाडपुरमा विभिन्न सुविधाहरूको भ्रमण गर्नुहुनेछ र लाभार्थीहरू र बच्चाहरूसँग बातचीत गर्नुहुनेछ। त्यसपछि उहाहरुले रायरंगपुरमा सार्वजनिक कार्यक्रममा भाग लिनुहुने हुने कार्यक्रम छ । आउदो २१ तारिखका दिन राष्ट्रपति मुर्मु मध्यप्रदेशको जबलपुरमा मनाइने अन्तर्राष्ट्रिय योग दिवस समारोहमा भाग लिनुहुनेछ। भ्रमणको अन्तिम दिन राष्ट्रपति मुर्मूले मध्य प्रदेशको कुनो राष्ट्रिय उधानमा सहरिया जनजातिका सदस्यहरू, चीता ट्र्याकरहरू, पर्यटक गाइडहरू र कुनो फिल्ड टोलीसँग कुराकानी गर्नुहुनेछ।

**<u>प्रधानमंत्री नरेन्द्र मोदी - होर्मुज जलडमरूमध्य</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले स्ट्रेट अफ होर्मुजलाई आउजाउको लागि खुला राख्नु विश्व अर्थव्यवस्थाको लागि अत्यन्त महत्त्वपूर्ण रहेको बताउनु भएको छ। फ्रान्सको <u>एवियांमा</u> जी–७ शिखर सम्मेलनका क्रममा अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भएको द्विपक्षीय बैठकमा प्रधानमन्त्री श्री मोदीले आउजाउको स्वतन्त्रता सुनिश्चित गर्नुपर्ने कुरामा जोड दिनुभएको छ । श्री मोदीले भन्नुभयो, लाखौं भारतीय नाविकहरूले सामुद्रिक व्यापारका लागि विश्वका विभिन्न भागहरूमा आफ्नो सेवा प्रदान गरिरहेका छन्। नाविकहरूको योगदानमाथि प्रकाश पार्नुहुदै श्री मोदीले भन्नुभयो, तिनीहरूको सुरक्षा सर्वोपरि छ। उहाले मध्यपूर्वमा शान्ति

प्रयासमा भएको प्रगतिका लागि राष्ट्रपति ट्रम्पको प्रशंसा गर्नुभयो। श्री मोदीले यस क्षेत्रमा स्थायी शान्ति पुनर्स्थापना हुने आशा व्यक्त गर्नुभयो। उहाँले भारत र अमेरिकाबीच व्यापार वार्ताको प्रगतिप्रति पनि खुसी व्यक्त गर्नुभयो। यस अघि प्रधान मन्त्री श्री मोदीले जर्मन चान्सलर फ्रेडरिक मर्ट्जसँग मध्य पूर्वको स्थिति र रूस-युक्रेन संघर्ष सहित क्षेत्रीय र वैश्विक घटनाक्रमहरूमा चर्चा गर्न बैठक गर्नुभयो।

1-Byte प्रधानमन्त्री

**प्रधानमंत्री नरेन्द्र मोदी जी-7 शिखर सम्मेलन**

प्रधान मन्त्री नरेन्द्र मोदीले हिज जी-७ शिखर सम्मेलनको अवसरमा युरोपीय आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयन र युरोपीय परिषदका अध्यक्ष एन्टोनियो कोस्टासँग द्विपक्षीय बैठक गर्नुभयो। बैठकमा आपसी हितका क्षेत्रीय र वैश्विक मुद्दाहरूमा चर्चा भयो र पश्चिम एशियामा हालैका घटनाक्रमहरूको स्वागत गरियो। दुवै पक्षले शान्ति, स्थिरता, समृद्धि र दिगो विकासलाई बढावा दिन बहुध्रुविय वैश्विक व्यवस्थालाई प्रवर्द्धन गर्ने साझा प्रतिबद्धता दोहोर्याएका छन्।

2-Byte फ्रान्स प्रधानमन्त्री जी -७

**प्रधानमन्त्री - भारत-ब्रिटेन ब्यापार सम्झौता**

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत-ब्रिटेन व्यापक आर्थिक एवम् व्यापार सम्झौता यस वर्षको १५ जुलाई देखि लागू हुने बताउनु भएको छ। यसले भारत र ब्रिटेन माझ द्विपक्षीय व्यापार र निवेशलाई उल्लेखनीय रूपमा बढाउनेछ। एक सामाजिक मिडिया पोस्टमा प्रधानमन्त्री श्री मोदीले यो सम्झौताले भारतीय कृषकहरू, श्रमिकहरू, एम.एस.एम.ई.हरू, स्टार्टअपहरू र नवप्रवर्तकहरूका लागि धेरै अवसरहरू खोल्ने र विकसित भारत २०४७ को प्राप्तिमा अर्थपूर्ण योगदान दिने बताउनु भएको छ।

**केन्द्रीय गृहमन्त्री- राष्ट्रिय साइबर अपराध हेल्पलाइन १९३०**

केन्द्रीय गृहमन्त्री अमित शाहले हिज नयाँ दिल्लीमा एक उच्चस्तरीय बैठकमा राष्ट्रिय साइबर अपराध हेल्पलाइन १९३० को समीक्षा गर्नुभयो र अधिकारीहरूलाई प्रणालीमा सुधार गर्न निर्देश दिनुभयो। बैठकमा साइबर अपराध विशेष गरी साइबर वित्तीय ठगीबाट नागरिकलाई तत्काल राहत प्रदान गर्न स्थापना गरिएका विभिन्न नागरिक केन्द्रित संयन्त्रहरूको पनि समीक्षा गरिएको थियो। श्री शाहले आर्टिफिसियल इन्टेलिजेन्स लगायत उन्नत तकनिकीहरू अपनाएर हेल्पलाइन प्रणालीलाई व्यापक रूपमा आधुनिकीकरण र उन्नत गर्न निर्देश दिनुभएको छ। गृहमन्त्री श्री शाहलेनरेन्द्र मोदी सरकार सुरक्षित, तकनिकी - संचालित र नागरिक केन्द्रित साइबर अपराध रोकथाम र प्रतिकार्य संयन्त्र निर्माण गर्न प्रतिबद्ध रहेको बताउनु भएको छ।

**कृषि एवं किसान कल्याण मंत्रालय**

कृषि तथा कृषक कल्याण मन्त्रालयले १२ जुनसम्म खरिफ फसल अन्तर्गत रोपिएको क्षेत्रफल ८४ लाख हेक्टर भन्दा अधिक भएको जानकारी दिएको छ। खरीफ बालीमा गत वर्षको सोही अवधिको तुलनामा ३ लाख ४४ हजार हेक्टरको हाराहारीमा मामूली कमी दर्ता गरिएको मन्त्रालयले जनाएको छ। मन्त्रालयले ५४ लाख हेक्टरभन्दा अधिक क्षेत्रफलमा उखु खेती गरेको छ भने ९ लाख हेक्टरभन्दा अधिक क्षेत्रफलमा कपास रोपिएको बताएको छ।

**भारतीय रेलवे**

भारतीय रेलवेले गुजरात, महाराष्ट्र, पश्चिम बंगाल र मध्य प्रदेशमा रेल क्षमता बढाउन, माल ढुलाई र सुरक्षा प्रणालीलाई सुदृढ गर्न र शहरी परिवहन बुनियादी ढाचाको उन्नतिका लागि एक हजार दुई सय करोड रुपियाँभन्दा अधिक लागतका धेरै परियोजनाहरूलाई स्वीकृत दिएको छ। यसमा गुजरातको एक महत्त्वपूर्ण रेल खण्डको दोहरीकरण, महाराष्ट्रमा नयाँ मालवाहक कार्ड लाइनको निर्माण, पूर्वी रेलवेमा सिग्नल प्रणालीको आधुनिकीकरण र इन्दौरमा एक प्रमुख रोड ओभर ब्रिजको पुनर्निर्माण समावेश छ।

**केंद्रीय रेल, सूचना एवं प्रसारण मंत्री अश्विनी वैष्णव -पुणे रेलवे स्टेशन**

केन्द्रीय रेल एवं सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले लगभग छ सय करोड रुपियाँ को निवेशमा पुणे रेलवे स्टेशनको विस्तार गर्ने घोषणा गर्नुभएको छ l पुणे-साई नगर शिर्डी एक्सप्रेसलाई हिज पुणे रेलवे स्टेशनमा हरियो झण्डा देखाएपछि उहाले स्टेशनको विद्यमान ६ प्लेटफर्ममा ६ नयाँ प्लेटफर्महरू थपिए पछि प्लेटफर्मको कुल संख्या १२ हुनेछ।

**केन्द्रीय नवीन एवम् नवीकरणीय ऊर्जा मन्त्री**

केन्द्रीय नवीन एवम् नवीकरणीय ऊर्जा मन्त्री प्रह्लाद जोशीले यस त्रैमासिकको अन्त्यसम्ममा भारतमा ३ सय गिगावाट स्थापित गैर-जीवाश्म इन्धन क्षमता हुने कुरामा जोड दिनुभएको छ। श्री जोशीले नयाँ दिल्लीमा राष्ट्रिय हरित हाइड्रोजन मिशनको सुदृढीकरण: राज्यका नीतिहरू, हब्स र बुनियादी ढाचा बिकासहरूको माध्यमबाट कार्यशालालाई सम्बोधन गर्दै यो कुरा भन्नुभयो। सम्बोधनको क्रममा श्री जोशीले भन्नुभयो, प्रधान मन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतले विश्वको सबैभन्दा द्रुत र सबैभन्दा ठूलो हरित ऊर्जा रूपान्तरणहरू मध्ये एक गरेको छ।

**सरकार- प्रधान मन्त्री आवास योजना**

सरकारले प्रधान मन्त्री आवास योजना-शहरी 2.0 अन्तर्गत योग्य शहरी गरीब परिवारहरूका लागि 2 लाख 13 हजार भन्दा अधिक अतिरिक्त घरहरू स्वीकृत गरेको छ। आवास तथा शहरी मामिला सचिव श्रीनिवास कटिकिथलाको अध्यक्षतामा हिज नयाँ दिल्लीमा केन्द्रीय स्वीकृति र निगरानी समितिको 7 औं बैठकमा यो स्वीकृत गरिएको हो।

**महाराष्ट्र -स्थानीय निकायको चुनाउ -आज**

महाराष्ट्रमा स्थानीय निकाय निर्वाचन क्षेत्रहरूबाट विधान परिषदका ११ सीटहरूका लागि आज बिहान ९ बजेदेखि अपराह्न ४ बजेसम्म मतदान हुनेछ र मतगणना २२ जूनमा हुनेछ। यी ११ सिटका लागि ३१ उम्मेदवार चुनावी मैदानमा छन् भने ६ सिटमा निर्विरोध निर्णय भएको छ। नगर निगम, नगर परिषद र जिल्ला परिषदहरुका सदस्यहरु सहित कुल ७ हजार ४३ मतदाताहरुले मतदान गर्नेछन्। अधिकांश निर्वाचन क्षेत्रहरूमा त्रिकोणीय प्रतिस्पर्धा भइरहेको छ, जसले यी चुनावहरू सत्तारूढ महायुती गठबन्धन र विपक्षी महा विकास अघाडी दुवैका लागि महत्त्वपूर्ण राजनीतिक परीक्षा बनेको छ।

**पर्यावरण, वन तथा जलवायु परिवर्तन और विदेश राज्य मंत्री**

पर्यावरण, वन एवं जलवायु परिवर्तन तथा विदेश राज्य मन्त्री कीर्ति वर्धन सिंह हिज देखि २१ जूनसम्म लक्षद्वीपको भ्रमणमा रहनुहुनेछ। उहा विकसित भारत संकल्प सम्मेलन र प्रगति पथ यात्राको एक भागको रूपमा लक्षद्वीपमा विकास यात्रामा भाग लिनुहुनेछ। श्री सिंह २१ जुनमा त्यहाँ अन्तर्राष्ट्रिय योग दिवस समारोहमा पनि भाग लिनुहुनेछ।

**केन्द्रीय युवा मामिला र खेल मन्त्री**

केन्द्रीय युवा मामिला एवं खेल मन्त्री डा. मनसुख मांडवियाले हिज फिट इन्डिया अभियानको एक भागको रूपमा मुम्बईको वर्ली कोस्टल साइकल ट्र्याकमा 'साइक्लिङ बाई द सी' शीर्षकको फिट इन्डिया साइक्लोथनको नेतृत्व गर्नुभयो। सभालाई सम्बोधन गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीको दृष्टिकोणमा शुरु गरिएको फिट इन्डिया अभियानले देशभरिका मानिसहरूलाई स्वस्थ जीवनशैली अपनाउन र फिटनेसलाई आफ्नो दिनचर्याको अभिन्न अंग बनाउन प्रोत्साहित गरिरहेको बताउनु भएको छ।

**मौसम .**

मौसम विभागले आज पूर्वोत्तरको कतिपय भाग र पश्चिम बङ्गालको उप-हिमालयी तराई क्षेत्रहरुमा अत्याधिक वर्षाको चेतावनी जारी गरेको छ। बिहार, केरलम , माहे, तमिलनाडु, पुडुचेरी र कराइकलमा पनि भारी वर्षा हुने अनुमान गरिएको

छ। मौसम विभागले आगामी दुई दिनसम्म दिल्ली, हरियाणा, चण्डीगढ, पञ्जाब, हिमाचल प्रदेश र उत्तराखण्डमा चट्याङ र तुफान सहित वर्षा हुने सम्भावना व्यक्त गरेको छ।

**मुख्य समाचार        बिहान ७.२५ बजे ,दिनांक १७ /०६/२६.**

१.प्रधानमंत्री नरेन्द्र मोदीले  फ्रांसमा हिज जी-7 शिखर सम्मेलनमा  एक सत्रलाई संबोधित गर्नुहुदै अंतरराष्ट्रीय साझेदारीमा **विश्वास** को  महत्वमाथि  ज़ोर दिनु भएको छ।

२.जी-7 शिखर सम्मेलनको  क्रममा , प्रधानमंत्री नरेंद्र मोदीले  आज अमरीकाका  राष्ट्रपति डोनाल्ड ट्रंपको  साथ बैठक गर्नुहुनेछ।

३.यमुना नदीको पुनरुत्थानका लागि किशाउ बाँध परियोजनामा छवटा राज्यबीच सहमति भएको छ।।

**४.आगामी NEET परीक्षालाई ध्यानमा राख्दै राष्ट्रिय परीक्षण एजेन्सी (NTA) ले विद्यार्थी र अभिभावकहरूलाई ठगी गर्नेहरूबाट सावधान रहन आग्रह गरेको छ।**

**५.श्रीलंकामा त्रिकोणात्मक एकदिवसीय क्रिकेट शृंखलामा आज भारत ए ले अफगानिस्तान ए को सामना गर्नेछ। खेल बिहान १०:०० बजे सुरु हुनेछ।**